# भाग ४

## श्री ५ को सरकार

## बन तथा भू-संरक्षण मन्त्रालयको

### सूचना १

सदर चिडियाखाना विकास समिति (गठन) आदेश, २०४६ को दफा २ को उपदफा २.४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले उक्त गठन आदेशको दफा २ को उपदफा २.२ को सट्टा देहायको उपदफा २.२ राखी हेरफेर गरेको छ ।

उपदफा २.१ बमोजिमको समितिमा देहायको अध्यक्ष तथा सदस्यहरू रहने छन् ।

| | | |
|---|---|---|
| २.२.१ | श्री ५ को सरकारले तोकेको अधिकृत | – अध्यक्ष |
| २.२.२ | प्रतिनिधि, अर्थ मन्त्रालय | – सदस्य |
| २.२.३ | प्रतिनिधि, वन तथा भू-संरक्षण मन्त्रालय | – " |
| २.२.४ | प्रतिनिधि, श्री ५ महेन्द्र प्रकृति संरक्षण कोष | – " |
| २.२.५ | प्रतिनिधि, राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग | – " |
| २.२.६ | वन्यजन्तु संरक्षणमा विशेष योगदान पुऱ्याउने प्रतिष्ठित नेपाली नागरिकहरू मध्येबाट वन्यजन्तु संरक्षण समितिको सिफारिशमा श्री ५ को सरकारद्वारा मनोनीत तीन जना व्यक्ति | – " |
| २.२.७ | नगरपालिकाको प्रमुख | – " |
| २.२.८ | कार्यकारी निर्देशक, सदर चिडियाखाना | – सदस्य-सचिव |

### सूचना २

श्री ५ को सरकारको मिति २०५०।६।१२ को निर्णयानुसार राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभागको महानिर्देशक पदमा डा. उदयराज शर्मालाई नियुक्ति गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।